**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले हिज साझ रूसका राष्ट्रपति व्लादिमीर पुतिनको सम्मानमा रात्रिभोजको आयोजना गर्नु भयो। रूसका राष्ट्रपति प्रधानमन्त्री नरेन्द्र मोदीलाई भारत–रुस वार्षिक शिखर सम्मेलन 2026 को लागि रुस भ्रमणको निमन्त्रणा दिनु भएको छ।

- गृह तथा सहकारिता मंत्री अमित शाहले आज गुजरातमा बनास डेयरीमा सहकारिता मंत्रालयको संसदीय सलाहकार समितिको तेस्रो बैठकको अध्यक्षता गर्नु हुनेछ।

- छत्तीसगढमा मतदाता सूचिको विशेष गहन पुनरीक्षण अन्तर्गत अहिलेसम्म दुई करोड आठ लाख छयालीस हजार भन्दा बढी गणना फारमहरू डिजिटलाइज गरिसकिएको छ।

- देश भरी धेरै मात्रामा उडान रद्द भएपछि यात्रुहरूको बढ्दो मागलाई ध्यानमा राख्दै, भारतीय रेलवेले सहज यात्रा र पर्याप्त सुविधा सुनिश्चित गर्न व्यापक कदमहरू चालेको छ।

- भारत र दक्षिण अफ्रीका बीच तेस्रो अनि अंतिम एकदिवसीय क्रिकेट मुकाबला आज विशाखापत्तनमा खेलिनेछ्।

**राष्ट्रपति-रूस**

राष्ट्रपति द्रौपदी मुर्मुले हिज साझ रूसका राष्ट्रपति व्लादिमीर पुतिनको सम्मानमा रात्रिभोजको आयोजना गर्नु भयो। यस अवसरमा श्री मुर्मुले भन्नु भयो राष्ट्रपति पुतिनको यो यात्रा दुवै देश माझ रणनीतिक संबंधको लागि महत्वपूर्ण रहेको छ। **भारत-रूस रणनीतिक भागीदारीको यस 25 ऑ वर्ष पुरा भएकोछ।राष्ट्रपति मुर्मुले भारत-रूस विशेष अनि विशेषाधिकार प्राप्त रणनीतिक साझेदारीको लागि राष्ट्रपति पुतिनको समर्थन अनि व्यक्तिगत प्रतिबद्धताको सराहना गर्नु भयो। राष्ट्रपतिले भन्नु भयो यो साझेदारी शांति, स्थिरता अनि पारस्परिक सामाजिक-आर्थिक र तकनीकी प्रगति प्रति साझा प्रतिबद्धता माथि आधारित छ। उहाँले वर्ष 2025 भारत-रूस बहुआयामी साझेदारीको लागि विशेष रूपले महत्वपूर्ण रहेको पनि बताउनु भयो, जसमा उच्च स्तरीय राजनीतिक आदान-प्रदान, व्यापार र अर्थव्यवस्था, रक्षा, असैन्य परमाणु सहयोग, अंतरिक्ष, विज्ञान तथा प्रौद्योगिकी जस्ता क्षेत्रमा उल्लेखनीय प्रगति भएकोछ। उहाले भन्नु भयो 23 औ भारत-रूस वार्षिक शिखर सम्मेलनको संयुक्त वक्तव्यले सम्बंधको विशेष प्रकृतिलाई दर्शाउछ अनि द्विपक्षीय सम्बंद्लाई अझ सुद्रिड बनाउनको लागि व्यापक रूपरेखा प्रदान गर्दछ। दुवै देश बीच अटूट मित्रता रहेको अनि यो अझ अधिक प्रगाढ हुने राष्ट्रपति पुतिन अनि राष्ट्रपति मुर्मुले विश्वास व्यक्त गर्नु भयो।**

**पुतिन–24 भारत–रूस शिखर सम्मेलन**

रूसका राष्ट्रपति भ्लादिमिर पुतिनले प्रधानमन्त्री नरेन्द्र मोदीलाई भारत–रुस वार्षिक शिखर सम्मेलन 2026 को लागि रुस भ्रमणको निमन्त्रणा दिनु भएको छ। 23 औँ भारत-रूस वार्षिक शिखर सम्मेलनपछि जारी गरिएको संयुक्त वक्तव्यमा, दुवै नेताहरूले येकातेरिनबर्ग र कजानमा भारतका दुई नयाँ वाणिज्य दूतावासहरू खोल्ने स्वागत गर्नुभयो र अन्तर-क्षेत्रीय सहयोग, व्यापार र आर्थिक सम्बन्धहरूलाई अझ बलियो बनाउनको लागि उनीहरूको शीघ्र सञ्चालनको आशा गर्नुभयो।

दुवै नेताहरुले पछिलो शिखर सम्मेलन पछि सबै स्तरमा सम्पर्क निरन्तर बढ्दै गएकामा सन्तुष्टि व्यक्त गरे।

**पुटिन - प्रस्थान**

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आफ्नो भारत भ्रमण सकेर हिजो राति पालम विमानस्थलबाट रुस प्रस्थान गर्नुभएको छ। । उहाँलाई भारतीय विदेशमन्त्री एस जयशंकरले विमानस्थलमा बिदाइ गर्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा २३ औं भारत–रुस वार्षिक शिखर सम्मेलनका लागि दुई दिने राजकीय भ्रमणका लागि पुटिन डिसेम्बर ४ मा नयाँ दिल्ली आई पुग्नुभएको थियो।

**उपराष्ट्रपति - गुजरात**

उपराष्ट्रपति सीपी राधाकृष्णन पदभार ग्रहण गरेपछि पहिलो पटक आज गुजरात भ्रमणमा जानु हुनेछ। भ्रमणका क्रममा उपराष्ट्रपति एकता नगर स्थित **स्टैच्यू ऑफ यूनिटी मा** सरदार वल्लभभाई पटेलको 150 औँ जयन्ती समारोहको समापन समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुनेछ।

**अमित शाह - सलाहकार समिति**

गृह तथा सहकारिता मंत्री अमित शाहले आज गुजरातमा बनास डेयरीमा सहकारिता मंत्रालयको संसदीय सलाहकार समितिको तेस्रो बैठकको अध्यक्षता गर्नु हुनेछ। श्री शाह गुजरातको तीन दिवषीय भ्रमणमा हुनु हुन्छ। उहाँले सनादरमा बनास डेयरीको जैव - सीएनजी अनि उर्वरक संयंत्रको पनि उद्घाटन गर्नु हुनेछ तथा अत्याधुनिक 150 टीपीडी मिल्क पाउडर र बेबी फूड संयंत्रको शिलान्यास गर्नु हुनेछ।

**अमित शाह**

गृह तथा सहकारिता मंत्री अमित शाहले हिज गांधी नगरमा कृषि, ग्रामीण तकनीक अनि मानवतालाई सशक्त बनाउन सित सम्बंधित **अर्थ समिट 2025 को** उद्घाटन गर्नु भयो अनि सहकार सारथी पहल अंतर्गत 13 भन्दा अधिक नयाँ सेवाहरु र उत्पादहरुको शुभारंभ गर्नु भयो। यी नया पहलहरुमा डिजी केसीसी, कैम्पेन सारथी, वैबसाइट सारथी, सहकारी शासन सूचकांक, विश्वको सबै भन्दा ठुलो अन्न भण्डारण एप्लीकेशन ई-पीएसीएस, शिक्षा सारथी प्रौद्योगिकी फोरम शामिल छ।

यस अवसरमा श्री शाहले यो तीन अर्थ सम्मेलनहरुको श्रृंखला को दोस्रो संस्करण रहेको बताउनु भयो। यसको उद्देशय ग्रामीण अर्थव्यवस्थालाई सुद्रिड बनाउन अनि ग्रामीण विकासको लागि परिणाम दिने समाधान खोज्नु हो। उहाले भन्नु भयो ग्रामीण अर्थव्यवस्था सित सम्बद्ध चार मंत्रालयहरु सित जोडिएका विषयमा सम्मेलनमा विचार- विमर्शको माध्यमले समाधान निकालिने छ। आगामी वर्ष दिल्लीमा तेस्रो तीसरी बैठकमा यस सित सम्बंधित नीतियहरु तय गरिनेछ

श्री शाहले भन्नुभयो, महात्मा गान्धीले जोड दिनुभएको थियो कि गाउँहरूलाई भारतको विकास दृष्टिकोणको केन्द्रमा राख्नु पर्छ, तर स्वतन्त्रतापछि यस विचारधारालाई बेवास्ता गरियो। उहाँले कृषि, पशुपालन र सहकारीलाई वर्षौंदेखि उपेक्षित गरिएको तर प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सन् २०१४ देखि एउटा महत्वपूर्ण परिवर्तन आएको छ जसमा ग्रामीण विकासलाई राष्ट्रिय प्रगतिका लागि महत्त्वपूर्ण मानिएको छ।

श्री शाहले भविष्यमा प्रत्येक पञ्चायतमा सहकारी समिति स्थापना गर्ने योजना तयार भइरहेको बताउनु भयो। यसले सहकारी सदस्यहरूको संख्या पचास करोड भन्दा बढी पुर् याउने र कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउने लक्ष्य राखेको छ। गृह मंत्रीले सहकारी ट्याक्सी सेवा सुरु गरेको र त्यसमा ५१ हजारभन्दा बढी चालकले परीक्षण चरणमा दर्ता गराएको बताउनु भयो। देशकै सबैभन्दा ठूलो सहकारी ट्याक्सी कम्पनी बनाउने लक्ष्य रहेको उहाँले बताउनु भयो।

**70औ महापरिनिर्वाण दिवस**

राष्ट्रले आज भारतरत्न डा. बीआर अम्बेडकरको 70औँ महापरिनिर्वाण दिवस वा पुण्यतिथिको अवसरमा उहालाई श्रद्धाञ्जली अर्पण गरिरहेको छ। राष्ट्र निर्माणमा डा. अम्बेडकरको योगदानलाई उजागर गर्न देशभरि विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम

बिरला लगायत अन्य व्यक्तिहरूले आज बिहान नयाँ दिल्लीको संसद भवन परिसरमा प्रेरणा स्थलमा पुष्पांजलि अर्पण गर्नुहुनेछ। संसद भवनको **लॉन**मा रहेको डा. अम्बेडकरलाई श्रधांजलिअर्पण गर्न सम्पूर्ण कार्यक्रम सर्वसाधारणका लागि खुला गरिनेछ। डा. अम्बेडकरको महापरिनिर्वाण दिवस प्रत्येक वर्ष डा. अम्बेडकर फाउन्डेसनद्वारा भारत सरकारको सामाजिक न्याय र अधिकारिता मन्त्रालयको तर्फबाट मनाइन्छ। यो एक दूरदर्शी समाज सुधारक, न्यायविद र राजनीतिज्ञ डा. अम्बेडकरको पुण्यतिथिको उपलक्ष्यमा गरिन्छ।

**छत्तीसगढ - एस.आई.आर**

छत्तीसगढमा मतदाता सूचिको  विशेष गहन पुनरीक्षण (एस.आई.आर.) अन्तर्गत अहिलेसम्म दुई करोड आठ लाख छयालीस हजार भन्दा बढी गणना फारमहरू डिजिटलाइज गरिसकिएको छ। यो संख्या कुल फारामको 98 प्रतिशतभन्दा बढी हो । राज्यका लगभग सबै दर्ता भएका मतदाताहरूलाई गणना फाराम प्रदान गरिएको छ।

एक रिपोर्ट  .....  BYTE

**रेलवे- कोच**

देश भरी धेरै मात्रामा उडान रद्द भएपछि यात्रुहरूको बढ्दो मागलाई ध्यानमा राख्दै, भारतीय रेलवेले सहज यात्रा र पर्याप्त सुविधा सुनिश्चित गर्न व्यापक कदमहरू चालेको छ। देशभरका 37 रेलमा 116 अतिरिक्त कोचहरू थपिएका छन्। दक्षिण रेलवेले सबैभन्दा बढी कोचहरू थपेको छ, यसले 18 वटा रेलको क्षमता बढेको छ । उच्च मागको रुटमा थप चेयर कार र स्लीपर क्लासका कोचहरु जडान गरिएको छ । उत्तर रेलवेले आठवटा रेलमा थर्ड एसी र चेयर कार कोच थपेको छ । पश्चिम रेलवेले उच्च माग रहेको चार ट्रेनमा थर्ड एसी र सेकेन्ड एसीमा अतिरिक्त कोच जडान गरेको छ । पूर्वोत्तर सीमान्त रेलवेले भोलिदेखि 13 दिसेम्बेरसम्म दुई महत्त्वपूर्ण रेलहरूमा थर्ड एसी र स्लीपर कोचहरू जडान  गरेको छ। यसले उत्तरपूर्वमा यात्रुहरूको लागि निर्बाध क्षमता सुनिश्चित गर्नेछ।

**रॉबर्ट वाड्रा-ईडी**

दिल्लीको एक विशेष अदालतले भोलि प्रवर्तन निर्देशनालय (ईडी) को दलील माथि सुनुवाइ गर्ने सम्भावना रहेको छ। ईडीले दर्ता गरेको पूरक आरोपपत्रको सम्बन्धमा ईडीले संज्ञान लिएको छ, जसमा ईडीले कांग्रेसका पूर्व अध्यक्ष सोनिया गान्धीका ज्वाइँ र व्यापारी रोबर्ट वाड्रालाई ब्रिटेन स्थित रक्षा डीलर संजय भंडारी सित सम्बन्धित धन शोधन मामिलामा आरोपी बनाएको छ।ईडीले गत महिना दिल्लीको राउज एवेन्यू अदालतमा धन शोधन निवारण अधिनियम अन्तर्गत मुद्दा दर्ता  गरेको थियो। निदेशालयले भंडारी सित जोडिएका विदेशी वित्तीय लेनदेन अनि संपत्तिहरुमा रॉबर्ट वाड्राको सम्बंधको आरोप लगाएको छ 1 2016 मा भारत छाडेका भण्डारीलाई दिल्लीको एक अदालतले भगोड़ा आर्थिक अपराधी घोषित गरेको छ ।

**क्रिकेट**

भारत र दक्षिण अफ्रीका बीच तेस्रो अनि  अंतिम एकदिवसीय क्रिकेट मुकाबला आज  विशाखापत्तनम खेलिनेछ् । म्याच दिउसो एक बजेर तिस मिनटमा शुरू हुनेछ । दुवै टीम श्रृंखलामा 1-1 को बराबरीमा रहेका छन् । आजको म्याचले यस श्रृंखलाको विजेताको निर्णय गर्नेछ ।

****** ० ******